मिति २०७७ असोज ०१ गते विहिबारका दिन प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको जिल्ला स्तरीय संकट व्यवस्थापन समिति (DCCMC) रामेछापको बैठक बसी कोभिड-१९ को संक्रमणको दर बढ्दै गएकोले नेपाल सरकारको निर्णय, जनस्वास्थ्य तथा सुरक्षा मापदण्डको आधारमा देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**सल्लाहाकार**

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | माननीय श्री शान्तिप्रसाद पौडेल | प्रदेश सभा सदस्दय | बागमती प्रदेश | |
| २. | श्री प्रेम बहादुर खड्का | प्रमुख | जिल्ला समन्वय समिति | |
| ३. | श्री रमेश कुमार बस्नेत | नगर प्रमुख | मन्थली नगरपालिका | |
| ४. | श्री नरबहादुर थापामगर | नगर प्रमुख | रामेछाप नगरपालिका | |

## उपस्थित

**जिल्ला स्तरीय Crisis Management Center का पदाधिकारी**

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रुद्रादेवी शर्मा | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री वेदप्रसाद अर्याल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | |
| ३. | श्री विवस अर्याल | जि.स.अ. | जिल्ला समन्वय समिति | |
| ४. | श्री विष्णुप्रसाद सापकोटा | प्रमुख सेनानी | नयाँ गोरख गण | |
| ५. | श्री बसन्त पाठक | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | |
| ६. | श्री केशवराज प्याकुरेल | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल | |
| ७. | श्री सुबास कार्की | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| ८. | डा. श्री रोशन ग्वाछा | नि.मे.सु. | जिल्ला अस्पताल | |
| ९. | श्री विद्या खनाल | प्रमुख | स्वास्थ्य कार्यालय | |

## आमन्त्रित

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री आनन्द श्रेष्ठ | कार्यालय सदस्य | नेकपा | |
| २. | श्री लेख बहादुर कार्की | सचिव | नेपाली काँग्रेस | |
| ३. | श्री रमेश ढुंगेल | अध्यक्ष | नेपाल पत्रकार महासंघ | |
| ४. | श्री शिव कुमार कार्की | सभापति | नेपाल रेडक्रस सोसाइटी | |
| ५. | श्री केशवप्रसाद घिमिरे | अध्यक्ष | रामेछाप उद्योग बाणिज्य संघ | |
| ६. | श्री रामेश्वर पाण्डे | प्रमुख | जिल्ला ट्राफिक कार्यालय | |
| ७. | सानुकाजी थापा | कोल्डचेन[illegible] | स्वास्थ्य कार्यालय | |
| ८. | भरत ब. भट्टराई | ह. प्र. | जिल्ला सं ट्र. रामेछाप | |
| ९. | | | | |

मिति २०७७ असोज ०१ गते विहिबारका दिन प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकबाट मिति २०७७/०५/२९ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार तथा जिल्लाको कोभिड-१९ संक्रमणको जोखिमलाई विश्लेषण गरी स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गर्ने गरी अर्को निर्णय नभएसम्म देहायनुसारको व्यवस्था गरी विभिन्न सेवा तथा कार्यहरु सञ्चालन गर्न दिने निर्णय गरियो ।

<u>देहाय</u>

१. अत्यावश्यक सेवा अन्तर्गतका औषधी पसल र स्वास्थ्य सामग्री विक्री गर्ने पसलहरु नियमित सञ्चालन गर्ने ।

२. स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूरा गरेर खाद्य बस्तु, दुध, तरकारी, फलफूल, माछामासु, स्टेशनरी, इलोक्ट्रोनिक अन्य पसलहरु दिउँसो ५:०० बजे सम्म मात्र सञ्चालन गर्ने

**३. अन्तर जिल्ला तथा जिल्ला भित्र निजी तथा सार्वजनिक सवारी साधनहरु देहाय बमोजिमको हुने गरी सञ्चालन गर्ने ।**

३.१. कुल सिट क्षमताको ५० प्रतिशत यात्रु रहने ।

३.२. भौतिक दुरी कायम हुने गरी एक पंक्तिको सिटमा १ जना मात्र यात्रु राख्ने । सिटमा बाहेक यात्रु राख्न नपाउने ।

३.३. सबै यात्रुले अनिवार्य मास्क लगाउने ।

३.४. यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरसमेतको व्यवस्था गर्ने ।

३.५. चालक तथा सह-चालकले मास्क,भाइजर र पञ्जा लगाउने ।

३.६. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्ने ।

३.७. सार्वजनिक यातायात सञ्चालन तथा यात्रु व्यवस्थापन गर्दा स्वास्थ्य तथा सुरक्षाका मापदण्डहरुको कडाईका साथ पालना गर्नु पर्नेछ ।

*यो व्यवस्था लागू रहँदासम्म तोकिएको भाडा दरमा अधिकतम थप ५० प्रतिशतसम्म भाडा लिन सक्ने, जिल्ला भित्र सञ्चालन हुने सवारी साधन विहान ५:०० बजे देखि साँझ ६:०० बजेसम्म सञ्चालन गर्ने ।*

३.८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तयार गरेरको मापदण्ड बमोजिम यातायात र यात्रु व्यवस्थापन गर्नु पर्ने छ ।

४. जिल्ला भित्रिने सवारी चालक वा सहचालकले सवारी साधनमा यात्रा गर्ने व्यक्तिहरुको नाम, सम्पर्क नं. र पुग्ने स्थानको विवरण लिखित रुपमा नाकामा बस्ने सुरक्षाकर्मीलाई दिनु पर्नेछ । सुरक्षाकर्मीले सम्बन्धित पालिका र जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

५. भारत तथा तेस्रो मुलुकबाट RT-PCR परीक्षण नगराई आएमा सम्बन्धित पालिकाले क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउने, संक्रमित बढी भएका जिल्लाबाट आउने व्यक्तिहरु अनिवार्य रुपमा सेल्फ क्वारेन्टिनमा बस्नु पर्नेछ ।

६. स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेण्ट, ट्रेकिङ तथा ट्राभल्स व्यवसाय सञ्चालन गर्न दिने (होटल, रेष्टुरेन्ट बेलुका ८:०० बजे सम्म)।

७. विकास आयोजनाहरु सञ्चालनका लागि अत्यावश्यक पर्ने प्राविधिक जनशक्तिलाई आयोजना सञ्चालन गर्न सम्बन्धित मन्त्रालयको सिफारिसमा RT-PCR नेगटिभ भएको (यात्रा गर्नु भन्दा ७२ घण्टाभित्र) रिपोर्टसहित आयोजनाले व्यवस्था गरेको आवासमा अनिवार्य रुपमा रहने/बस्ने गरी जिल्ला प्रवेश गर्न अनुमति दिने ।

८. सबै कार्यालय, निकाय एवं संघ संस्थाहरुले नियमित रुपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने । यस कार्यालय सञ्चालन गर्दा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने/गराउने ।

९. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको परीक्षण मापदण्ड/निर्देशिका बमोजिम जिल्ला स्वास्थ्य कार्यालयले सबै स्थानीय तहसँग समन्वय गरी परीक्षणको दायरा बढाउने ।

१०. कारागारको सुरक्षा सम्बन्धमा देहाय बमोजिम गर्ने ।

१०.१. कैदी बन्दीहरुसँग बाह्य व्यक्तिहरुको भेटघाट नियन्त्रण गर्ने ।

१०.२. नयाँ आउने कैदीबन्दीहरुलाई क्वारेन्टिनमा राख्ने, PCR Test Negative भए पश्चात मात्र अन्य कैदीबन्दीहरुसँग राख्ने व्यवस्था मिलाउने ।

१०.३. कैदीबन्दीहरुलाई अदालत/अस्पताल लैजादा स्वास्थ्यकर्मी वा सुरक्षाकर्मीले अनिवार्य रुपमा PPE Set, मास्क, ग्लोब लगाउने एवं तोकिए बमोजिम सामाजिक दुरी कायम गर्ने ।

१०.४. बिरामी कैदीबन्दीलाई छुटै राखी सम्भव भएसम्म कारागार मै कार्यरत चिकित्सक/स्वास्थ्यकर्मीहरुबाट उपचार गर्ने व्यवस्था मिलाउने ।

१०.५. अस्पताल वा स्वास्थ्यकर्मी नभएका कारागारहरुमा जिल्ला अस्पताल वा स्वास्थ्य कार्यालयसँग समन्वय गरी प्रत्येक हप्ता कारागारमा स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाउने ।

१०.६. कारागार भित्र कुनै कैदीबन्दी संक्रमित देखिएमा कारागार परिसर भित्रै छुट्टै आइसोलेसनको व्यवस्था गरी उपचार प्रबन्ध मिलाउने ।

१०.७. कारागारमा कोभिड-१९ जोखिम न्यूनीकरणका लाग स्थानीय तह, जिल्ला अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य निकाय र अन्य सम्बन्द्ध निकायहरुसँग समन्वय गरी स्रोतसाधनको व्यवस्थापन गर्ने ।

**११. जिल्लामा तैनाथ नेपाली सेनाका कोभिड-१९ संक्रमण भएका व्यक्तिहरुलाई राख्न नेपाली सेनाको व्यारेक भित्रै उपयुक्त स्थानमा ३० वेड क्षमताको आइसोलेसन सेन्टर बनाउने । उक्त आइसोलेसन सेन्टर बनाउन स्थान तथा औषधी लगायतका सामाग्रीहरु नेपाली सेनाको स्थानीय यूनिट, जिल्ला स्वास्थ्य कार्यालय तथा रामेछाप नगरपालिकाबाट समेत आवश्यक समन्वय गरी व्यवस्थापन गर्ने ।**

**१२. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि सबै स्थानीय तह (पालिका/वडास्तरमा), राजनैतिक दल, नेपाल रेडक्रस सोसाइटी, उद्योगी व्यवसाय, स्वास्थ्य कार्यालय, सुरक्षाकर्मीबाट जनचेतना फैलाउने ।**

**१३. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृत बमोजिम रेडियो, एफ.एम., अनलाइन, स्वअध्यान, दूरशिक्षा लगायतका बैकल्पिक माध्यमबाट सिकाईलाई सहजीकरण गर्ने ।**

**१४. देहाय बमोजिमका सेवा र कार्यहरु सञ्चालन गर्न नपाइने**

१४.१. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र)

१४.२. शैक्षिक र अन्य परीक्षा सञ्चालन

१४.३. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार

१४.४. अत्यावश्यक बाहेकका सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन

१४.५. सिनेमा हल, पार्टीप्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल

१४.६. सैलुन, व्यूटिपार्लर तथा स्पा

१४.७. स्वीमिङपुल, जिमखानालगायत हेल्थ क्लब

१४.८. समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति

१४.९. अन्तराष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणको खेल

१४.१०. दैनिक रुपमा हुने आन्तरिक नित्य पूजा बाहेक सबै प्रकारका धार्मिकस्थल तथा सामाजिक स्थल

१४.११. पुस्तकालय, संग्रहालय र चिडियाखाना ।

१४.१२. हाटबजारमा पसल/व्यवसाय सञ्चालन गर्न ।

१४.१३. सहकारीहरु मार्फत बचत संकलन गर्ने कार्य ।

१५. कुनै पनि पेशा, व्यवसाय, सेवा सञ्चालन गर्दा जनस्वास्थ्य मापदण्ड र सुरक्षा मापदण्ड पालना गर्ने/गराउने, सम्बन्धित व्यक्ति, निकाय/संस्थाको कर्तव्य हुनेछ। निषेधित सेवा तथा कार्य सञ्चालन भएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।